दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १९३ | बुटवल | २०८२ असार २५ गते, बुधबार | नेपाल संवत ११४५ | Wednesday July. 09, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## रूपन्देही ३ मा ७ मधेशवादी दल एकजुट

बुटवल । संघीय लोकतान्त्रिक मोर्चाले रुपन्देही-३ मा हुने उप-निर्वाचनमा नागरिक उन्मुक्ति पार्टी (नाउपा) का उम्मेदवारलाई समर्थन गर्ने निर्णय गरेको छ।

मंगलबार काठमाडौंमा बसेको मोर्चाको बैठकले उक्त निर्णय गरेको हो । मोर्चाले रुपन्देही-३ मा मोर्चाको तर्फबाट साझा उम्मेदवारका रूपमा नाउपाका उम्मेदवारलाई सघाउने निर्णय गरेको छ।

यसअघि जनमत पार्टीले नाउपाले छुट्टै उम्मेदवार उठाउने चर्चा थियो । बैठकले सर्वोच्च अदालतको संवैधानिक इजलासबाट भएको संवैधानिक पदाधिकारीहरूको नियुक्तिको सम्बन्धमा भएको फैसलाप्रति गम्भीर निराशा व्यक्त गरेको छ। मोर्चामा नाउपा, जनमत पार्टी, जसपा नेपाल, लोसपा, हृदयेश त्रिपाठीको पार्टीलगायत अन्य साना दल छन्। रुपन्देही ३ मा ७ मधेशवादी दलको मत करिब २० हजार रहेको बताइन्छ। यो मत गत चुनावमा यो क्षेत्रमा सबैभन्दा बढी समानुपातिक मत पाएको कांग्रेसको मत बराबर हो।

## सिद्धबाबा पहिरोमा श्रीमानको मृत्यु श्रीमती घाइते



बुटवल । सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल दोभान खण्डको सिद्धबाबामा झरेको पहिरोमा परि एकजनाको मृत्यु भएको छ।

प्रहरी चौकी दोभान पाल्पाका प्रहरी नायब निरीक्षक रुम केसीका अनुसार तिनाउ गाउँपालिका वडा नं. ३ हेडबक्स नजिकै सडक माथिबाट पहिरो खस्दा उक्त दुर्घटना भएको हो।

पहिरोमा परी लु ५१ प ६६३३ नं. को मोटरसाइकलमा बुटवलबाट पाल्पातर्फ जाँदै गरेका पाल्पाको रामपुर नगरपालिका वडा नं. ६ तालपोखरा बस्ने ३६ वर्षीय जनक भण्डारीको मृत्यु भएको प्रहरीले जनाएको छ । मोटरसाइकलको पछाडि बस्ने जनककी श्रीमती २९ वर्षीय कल्पना चापागाईं घाइते भएकी छन्। प्रहरीका अनुसार मंगलबार साँझ साढे ६ बजेतिर झरेको पहिरोमा परेका मोटरसाइकल चालक जनकलाई सडकदेखि ३५ मिटर तल भिरबाट प्रहरीले उद्धार गरेको थियो।

घटना घटेको १५/२० मिनेट भित्रै पहिरोले पुरिएको अवस्थाबाट उद्धार गरिएका जनकलाई तत्काल लुम्बिनी प्रादेशिक अस्पताल पुऱ्याएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए।

घाइते भएकी कल्पनाको भने बुटवलमा उपचार भइरहेको प्रहरी नायब निरीक्षक केसीले जानकारी दिए। पहिरोका कारण केही समय सडक अवरुद्ध बनेको थियो।

# रसुवामा भोटेकोशी बाढीबाट जनधनको ठूलो क्षति

**बाढीमा परेर २० जना बेपत्ता र ७ जनाको शव फेला फरेको छ भने दर्जनौं गाडी पनि बगाएको छ। बाढीका कारण अर्बौंको क्षति भएको अनुमान छ।**



**लुम्बिनी संवाददाता**

*बुटवल*

रसुवाको भोटेकोसी नदीमा आएको बाढीले ठूलो जनधनको क्षति भएको छ । बाढीमा परेर मंगलबार साँझसम्म कम्तीमा ७ जनाको मृत्यु भएको पुष्टी भएको छ भने २० जनासम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ।

बाढीका कारण नेपाल-चीन जोड्ने मितेरी पुल पनि बगाएको छ। जसले चीन-नेपाल यातायात विच्छेद भएको छ। हराइरहेका मध्ये ३ जना प्रहरी, ६ जना चिनियाँ नागरिक र ११ जना सर्वसाधारण छन्। ५५ जनाको सकुशल उद्धार गरिएको छ।

बाढीका कारण गोसाइँकुण्ड गाउँपालिका, आमाछोदिङ्मो गाउँपालिका, उत्तरगया गाउँपालिका र कालिका गाउँपालिकामा क्षति भएको छ। बाढीका कारण रसुवा नाकामा रहेको ईभी चार्जिङ स्टेशन पूर्ण रुपमा ध्वस्त भएको छ। भन्सार कार्यालय र ट्रान्सपोर्ट यार्डमा क्षति पुगेको प्रहरीले जनाएको छ। रसुवागढी हाइड्रोपावरको ड्याम पनि क्षतिग्रस्त छ।

त्यस्तै गोसाइँकुण्ड-पासाङल्हामु सडक अवरुद्ध भएको छ। उक्त सडकखण्ड चर्किएको र धुन्चेदेखि टिमुरेसम्म सवारी आवागामन ठप्प रहेको पनि प्रहरीले जनाएको छ। नेपाली सेनाका अनुसार रसुवामा मंगलबार बिहान भोटेकोसीमा आएको बाढीमा फसेकामध्ये ५१ जना पुरुष र ४ जना महिला छन्।

यस्तै उद्धारमा खटिएका इलाका प्रहरी कार्यालय टिमुरे रसुवामा कार्यरत ३ जना प्रहरी कर्मचारी पनि बाढीमा बेपत्ता छन्। यस्तै, बाढीले रसुवागढीमा दर्जनौं गाडी बगाएको छ।

बेपत्ता हुने प्रहरीहरुमा प्रहरी चौकी हाकु रसुवा दरबन्दी भई इलाका प्रहरी कार्यालय टिमुरे रसुवामा कार्यरत जिल्ला रामेछाप लिखु तामाकोसी गाउँपालिका वडा नं. ४ बस्ने वर्ष ४२ का प्रहरी सहायक निरीक्षक लालबहादुर श्रेष्ठ, जिल्ला प्रहरी कार्यालय पर्सा दरबन्दी भई इलाका प्रहरी कार्यालय टिमुरेमा कार्यरत जिल्ला बारा फेटा गाउँपालिका वडा नं. १ बस्ने वर्ष २४ का प्रहरी जवान मुन्ना ठाकुर र प्रहरी चौकी लाङटाङ रसुवा दरबन्दी भई इलाका प्रहरी कार्यालय टिमुरेमा कार्यरत जिल्ला बझाङ बुंगल नगरपालिका वडा नं. ९ बस्ने वर्ष २३ का प्रहरी जवान लोकेन्द्र बोहोरा रहेका छन्।

यस्तै बर्दियाका ३६ वर्षीय जिपन चौधरी, वर्ष ३५ का सन्तोष दहित, बर्दियाकै वर्ष २५ का बुद्धिराम थारु, बर्दियाकै वर्ष २४ का लक्ष्मीनारायण थारु, बर्दियाकै वर्ष ३० का सुरेश थारु, बागलुङ घर भएका वर्ष नखुलेका नरेन्द्र वि.क., सिन्धुपाल्चोक घर भएका कन्टेनर चालक वर्ष नखुलेका फुर्वा लामा, ठेगाना नखुलेको मिक्चर चालक गोविन्द मोक्तान रहेका छन्। यस्तै ठेगाना नखुलेका हाइलक्स चालक लोकमान तामाङ, गोरखाको पालुङ्टार नगरपालिका-६ का डीलबहादुर तामाङ, पालुङ्टारकै धनबहादुर तामाङ पनि बेपत्ता भएका छन्।

यस्तै बाढीमा ६ जना चिनियाँ नागरिक पनि हराइरहेका छन्। उनीहरु सबै पुरुष हुन्।

**अर्बौंको नोक्सानी दाबी**

नेपाल-चीन दुई प्रमुख नाकामध्ये रसुवागढीमा आएको बाढीले अर्बौंको नोक्सानी भएको व्यापारीहरुले बताएका छन्।

चीनबाट नेपालतर्फ आयात गरिएका सामानसहितका कन्टेनर र ईभी गाडीहरु बगाउँदा व्यापक नोक्सानी भएको उनीहरुले बताएका हुन्।

रसुवा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष कैसाङ नुर्पु तामाङका अनुसार भन्सार गर्न बाँकी गाडीहरु भन्सार यार्डमा राखिएका थिए। एक्कासि ठूलो बाढी आउँदा ती गाडी बगे-डुबेका हुन्।

'भन्सार यार्डमा भएका सबै गाडी र कन्टेनर बगाएको छ। केरुङ जान तयार कन्टेनर र नेपाल आउने क्रममा रहेका फलफूल तथा लत्ताकपडा बोकेका कन्टेनरहरु बगाएको हो।'-तामाङले भने । भन्सार कार्यालयकै आसपासका गाडीहरु भने डुबानमा मात्रै परेको उनले जानकारी दिए। 'यार्डका गाडीहरु थुप्रै बगेका छन्,' उनले भने-'कति र कुन ब्रान्डका गाडी थिए भन्ने खुलेको छैन।'

» *बाँकी ३ पेजमा*

# तिलौराकोट विश्व सम्पदा सूचीमा सूचीकृत हुने अन्तिम चरणमा

विश्वको सबैभन्दा ठूलो खुला संग्रहालय दाबी गरिएको तिलौराकोटलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न लुम्बिनी विकास कोषले धेरै वर्षदेखि काम गर्दै आएको थियो।





**टिआर शर्मा**

*बुटवल*

गौतमबुद्धले २९ वर्ष बिताएको प्राचीन शाक्य गणराज्यको राजधानी शहर तिलौराकोट दरबार क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउने अन्तिम तयारी भएको छ। यूनेस्कोले सन् १९९६ मै ऐतिहासिक पुरातात्विक स्थल तिलौराकोटलाई सम्भावित विश्वसम्पदा सूचीमा राखेको थियो।

नेपाल सरकारले भने २०७८/०७९ को नीति तथा कार्यक्रममार्फत् तिलौराकोटलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने विषय उल्लेख गरेको थियो।

विश्व सम्पदा समितिको ४५औं बैठकमा तिलौराकोट कपिलवस्तुसम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम समेत गरिएको थियो।

अन्तिम मनोनयन दस्तावेज विश्व सम्पदा केन्द्रको केन्द्रीय कार्यालयमा औपचारिक रुपमा पेश भएसँगै कपिलबस्तु तिलौराकोटलाई विश्व सम्पदा सूचिमा सूचिकृतका लागि विधिवत रुपमा प्रक्रिया अगाडि बढेको हो। यसको लागि लुम्बिनी विकास कोषका कार्यकारी उपाध्यक्ष डा. ल्हारक्याल लामा(खेन्पो छिमेछिरिङ ) फ्रान्स पुगेका छन्। कार्यकारी उपाध्यक्ष डा. लामा प्राचीन कपिलवस्तुको तिलौराकोटलाई युनेस्कोको वर्ल्ड हेरिटेज कमिटीको बैठकको पूर्व तयारीको लागि गत शुक्रबार नै फ्रान्स पुगेका हुन्।

त्यस्तै बैठकमा सहभागी हुन संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डे, लुम्बिनी विकास कोषका वरिष्ठ प्रशासन प्रमुख ज्ञानीन राईलगायत कार्यक्रममा सहभागी हुन सोमबार (२३ असारमा) फ्रान्स प्रस्थान गरेका छन्।

बैठकको पूर्व तयारीको लागि उपाध्यक्ष लामाले एक हप्तादेखि फ्रान्सका लागि नेपालका राजदूत सुधीर भट्टराई, फ्रान्सको लागि भारतीय राजदूत विशाल शर्मा, युनेस्कोको वर्ल्ड हेरिटेज साउथ एसियाका प्रमुख हिमाल चुली गुरुङ,आइकोमोसका अध्यक्ष टेरेसा प्याट्रिसियो तथा निर्देशक ग्वेनाले बोर्डिनसहित विभिन्न देशका कुटनैतिक नियोगका प्रमुख तथा विभिन्न संस्थाका प्रमुखहरुसँग आवश्यक सहकार्यको लागि भेटवार्ता तथा छलफल गरेका लामाका स्वकीय सचिव श्याम रोक्काले जानकारी दिए।

२०१४ सालदेखि तिलौराकोटको उत्खनन् तथा अन्वेषण भइरहेको छ। तिलौराकोट दरबार बुद्धकालीन समयभन्दा तीन सय वर्षअघि नै व्यवस्थित शहर रहेको तथ्य भेटिएको उत्खनन्मा सहभागी पुरातत्वविद्हरु बताउँछन्।

» *बाँकी ३ पेजमा*



## सम्पादकीय

# भोटेकोशी बाढीबाट सिक्नुपर्ने पाठ

चीनको तिब्बत क्षेत्रबाट बग्ने भोटेकोशी नदीमा मंगलबार बिहान आएको बाढीले अकल्पनीय क्षति गरेको छ । बाढीमा परेर १८ जना बेपत्ता भएका छन् । बाढीले पुल, सडक, जलविद्युत् आयोजना र सुख्खा बन्दरगाहमा क्षति पुगेको छ । मितेरी पुल बगाउँदा नेपाल–चीनबिच सडक सम्पर्क विच्छेद भएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार, रसुवा क्षेत्रमा भारी वर्षा हुने मौसमी प्रणाली नभए पनि तिब्बतबाट आएको बाढीले क्षति पुगेको छ । रसुवामा भएको यो क्षति पूर्व तयारीमा अपनाइएको असावधानीले धेरै भएको देखिन्छ । जिल्ला प्रशासन कार्यालय, रसुवाले १० असारमा सूचना जारी गर्दै बाढीको जोखिम भएकाले तटीय क्षेत्रमा पूर्वतयारी अपनाउन भनेको थियो । सो सूचनामा चीनले बाढीको जोखिम रहेकाले आवश्यक पूर्वतयारी र सावधानी अपनाउन भनेको उल्लेख थियो । मनसुन सक्रिय भएको र चीनले समेत सावधानी अपनाउन भनेकाले भोटेकोशी नदी, त्रिशूली नदी, लाङटाङ खोला, चिलिमे खोला र अन्य नदी र खोला आसपासका क्षेत्रमा बाढीपहिरोजन्य विपद्को जोखिम रहेकाले सतर्कता अपनाउन अनुरोध गर्दै जारी गरिएको सूचनाअनुसार तहगत सरकारका संयन्त्र विपद् व्यवस्थापनको पूर्वतयारीमा पटक्कै लागेनन् । समुदायलाई सावधानीका लागि सूचना बाहेक अरु पहलकदमी लिइएन् । असार १९ गते सरकारी समाचार एजेन्सी राष्ट्रिय समाचार समितिमा प्रकाशित एक समाचारमा बाढीको जोखिम भएकाले टिमुरे भन्सारमा रहेका गाडीहरू हटाउन भनिएको उल्लेख थियो । यो समाचारप्रति संवेदनशील भएको भए सुख्खा बन्दरगाहमा भएका मालबहाक गाडी क्षति हुने थिएनन् ।

कति मालबहाक गाडी क्षति भए, यकिन तथ्याङ्क तयार हुँदै भए पनि अर्बौंको क्षति भएको अनुमान गरिएको छ । अर्कोतिर मनसुनका बेला जिल्लाका सीडीओ र प्रहरी प्रमुख कार्यस्थलमै रहने अनिवार्य व्यवस्थालाई बेवास्ता गर्ने गरिएको छ । मनसुनभर जिल्लाको कमाण्ड सम्हालेका प्रहरी र प्रशासनका अधिकारीहरु जिल्ला बाहिर जाँदा उद्दार र अरु व्यवस्थापकीय काममा ढिलाइ हुन सक्ने भएकाले अनिवार्य कार्यस्थलमै रहने व्यवस्था मिलाइएको छ ।

तर गृहमन्त्रालयको कुनै कार्यक्रममा धुलिखेलमा रहेको भनिएको छ । यो बेला जिल्लामै रहने भन्नुको अर्थ बिदा नजाने, तर गृह मन्त्रालयको कार्यक्रममा जान पाइने भन्ने हो ? सरकारी निकाय नै विधि र नियम बनाउने, तर कार्यान्वयन नगर्ने प्रवृत्ति मौलाउँदै गएको छ ।

रसुवा बाढीबाट सिक्नुपर्ने पाठ हो, विपद् व्यवस्थामा पूर्व तयारी महत्वपूर्ण हुन्छ । सरकारी निकायले जारी गर्ने सूचना पालना स्वंय सरकारी निकायले नै पालना गर्नु पहिलो प्राथमिकता हो ।

त्यसैगरी, आम नागरिकले पालना गर्दा जोखिम र क्षति न्यूनीकरण गर्न सकिन्छ । तहगत सरकारबिचको समन्वय र सहकार्यले मात्रै विपद् व्यवस्थापनका काम प्रभावकारी बनाउन सकिन्छ ।

# जलवायु संकटलाई कसरी न्यूनीकरण गर्ने

दयाराम सिम्खडा

नेपालमा जलवायु परिवर्तनको प्रभाव अब टाढाको खतरा होइन, तिनीहरू देशको हिमनदी, पारिस्थितिक प्रणाली, कृषि र समुदायहरूलाई असर गर्ने वर्तमान वास्तविकताहरू हुन् । नेपालको मुद्दाले जलवायु परिवर्तनको अन्यायलाई प्रकाश पार्छ, जहाँ कम जिम्मेवारहरूले सबैभन्दा बढी बोझ वहन गर्छन् ।



चीन र भारतको बिचमा अवस्थित सानो हिमालयी राष्ट्र नेपालले विश्वव्यापी जलवायु परिवर्तनको असमान परिणामहरूको सामना गरिरहेको छ । यो आफ्नो भव्य पहाडहरू, समृद्ध जैविक विविधता र लचिलो समुदायहरूको लागि परिचित एक सुन्दर देश हो । नेपालले अभूतपूर्व जलवायु आपतकालको सामना गरिरहेको छ । हिमालयका हिमनदीहरू पग्लनेदेखि तराईमा बाढी, र पहाडहरूमा मौरीहरू हराउनेदेखि पहिरो जानेसम्म संकेतहरू स्पष्ट रूपमा देखिन्छन् कि जलवायु परिवर्तन अब टाढाको खतरा होइन र यसले पहिले नै लाखौं नेपालीहरूको जीवनलाई बाधा पुर्‍याउँदैछ । विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा धेरै कम योगदान पुर्‍याउने भए पनि, नेपालले आफूलाई जलवायु प्रभावहरूको अग्रपंक्तिमा पाउँछ । परिणामहरू दूरगामी छन्, जीवनको हरेक पक्षलाई छुने - कृषि र पानी आपूर्तिदेखि स्वास्थ्य, शिक्षा र अर्थतन्त्रसम्म । यो लेखले नेपालमा जलवायु परिवर्तन संकट र अगाडि बढ्ने तरिकाहरूको अन्वेषण गर्दछ ।

**पग्लिरहेका हिमनदीहरू र संकटमा पानीका टावरहरू**

नेपालमा ३,००० भन्दा बढी हिमनदीहरू छन् जसले कोशी, गण्डकी र कर्णालीलगायत देशका प्रमुख नदीहरूलाई लगातार पानी उपलब्ध गरिरहेका छन् । यी नदीहरू दक्षिण एसियाका लाखौं मानिसहरूका लागि जीवनरेखा हुन् । तर बढ्दो तापक्रमले हिमनदीहरू पहिलेभन्दा छिटो पग्लिरहेका छन् । इम्जा र त्सो रोल्पा जस्ता हिम तालहरू खतरनाक रूपमा विस्तार भइरहेका छन्, जसले गर्दा तल्लो तटीय समुदायहरू अचानक र घातक बाढीको खतरा छ । यद्यपि, बढ्दो तापक्रमले हिमनदी पग्लने गतिलाई खतरनाक दरमा तीव्र पारिरहेको छ । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रका अनुसार, हिमालयका हिमनदीहरू प्रति वर्ष लगभग ०.३ देखि १ मिटरको दरले पग्लिरहेका छन् । लामो समयसम्म, यी हिमनदीहरूको क्षतिले पिउने, सिँचाइ र जलविद्युतको लागि पानीको उपलब्धतामा नाटकीय रूपमा कमी ल्याउन सक्छ - जुन नेपालको अर्थतन्त्र र विकासको मेरुदण्ड हो ।

**चर्को र असहनीय गर्मी**

नेपालमा गर्मी तातो र लामो हुँदै गइरहेको छ । तराई क्षेत्रमा अहिले नियमित रूपमा ४२ डिग्री सेल्सियसभन्दा बढी तापक्रम देखिन्छ, जबकि काठमाडौँ जस्ता परम्परागत रूपमा चिसो ठाउँहरूले पनि गर्मीको लहरको सामना गर्छन् । जनकपुर, धनगढी र नेपालगञ्जमा हालैका वर्षहरूमा रेकर्ड गरिएको गर्मीले विद्यालयहरू बन्द गर्न बाध्य पारेको छ र अस्पतालहरू गर्मी स्ट्रोकका कारण प्रभावित भएका छन् । किसानहरू जलवायु परिवर्तनको सिकार भएका छन् । अत्यधिक गर्मीमा मकै, गहुँ र तोरी जस्ता बालीहरू ओइलाउँदैछन्, र मौसमको ढाँचामा परिवर्तनले रोपाइँ र कटनीलाई बढ्दो रूपमा अप्रत्याशित बनाउँदैछ ।

**मौसमी बाढी र अनियमित वर्षा**

नेपालमा अब मौसमी अवस्थाको भविष्यवाणी गर्न धेरै गाह्रो हुँदै गइरहेको छ । अप्रत्याशित मनसुनले गलत मौसममा मुसलधारे वर्षा एकैचोटि हुन्छ जसले नदीहरूमा बाढी, खेतहरू बगाउँछन् र सम्पूर्ण गाउँहरू डुबानमा पर्छन् । मेलम्ची उपत्यकामा २०२१ को बाढी यसको एक ज्वलन्त उदाहरण थियो । यसले सडक, पुल र भवनलगायत धेरै पूर्वाधारमा क्षति पुर्‍यायो र धेरैको ज्यान लियो । प्रत्येक वर्ष पहाडी क्षेत्रहरूमा सुख्खा पहिरो जाने गरेको छ । सन् २०२४ को अक्टोबरमा भएको अप्रत्याशित वर्षा र बेमौसमी बाढीले नेपालका बाँके र बर्दिया जिल्लाहरूमा धान र अन्य बालीहरू क्षति पुर्‍याएको थियो । किसान परिवारहरूलाई उनीहरूको खाना र आम्दानीको एकमात्र स्रोतबाट वञ्चित गरेको थियो । यो वर्षाले पहाडहरूमा बेमौसमी तरकारी खेती बर्बाद गरेको थियो ।

**पहाडी क्षेत्रहरूमा बारम्बार पहिरो जोखिम**

विशेष गरी सिन्धुपाल्चोक, म्याग्दी र गोरखाका पहाडी र पहाडी क्षेत्रहरूमा बढी तीव्र र अनियमित वर्षाले बारम्बार पहिरो गएको देख्न सकिन्छ। यी प्रकोपहरूले घरहरू पुर्छन्, सडकहरू अवरुद्ध गर्छन्, विद्यालय र अस्पतालहरू काट्छन्, र सम्पूर्ण समुदायलाई विस्थापन र गरिबीमा धकेल्छन् । पहिरो प्राकृतिक घटना मात्र होइनन् । वन फँडानी, अनियोजित सडक निर्माण र परिवर्तनशील जलवायुले अझ अस्थिर बनाएको कमजोर भिरालो ठाउँहरूले गर्दा तिनीहरू झनै खराब भएका छन् ।

**कम मौरीहरू खाद्य सुरक्षाको लागि गम्भीर खतरा**

हाम्रो परिवारलाई खुवाउने फलफूल र तरकारी र हाम्रो बजारलाई इन्धन दिने बालीहरूको परागकणको लागि मौरीहरू महत्त्वपूर्ण छन् । तर कास्की, लमजुङ र दोलखा जस्ता जिल्लाहरूमा किसानहरूले कम मौरीहरू र बढी असफल बालीहरू देखिरहेका छन् । जलवायु परिवर्तनले फूल फुल्ने मौसमहरूमा बाधा पुर्‍याइरहेको छ र परागकणहरूलाई अलमल्लमा पारिरहेको छ, जबकि कीटनाशक औषधीहरूको अत्यधिक प्रयोगले स्वास्थ्य संकट थपिरहेको छ । मौरीको गिरावटले खाद्य सुरक्षाको लागि गम्भीर खतरा निम्त्याउँछ । स्याउ, काँक्रो र तोरी जस्ता प्रमुख बालीहरू परागकणमा धेरै निर्भर हुन्छन् । मौरी बिना, बाली उत्पादन घट्छ र महँगो हुन्छ । किसानहरूले आम्दानी गुमाउँछन् र सम्पूर्ण खाद्य श्रृंखला प्रभावित हुन्छ ।

**शहरी र पहाडी दुवै क्षेत्रहरूमा लामखुट्टेको संख्या वृद्धि**

आजकल पहाडी र हिमाली दुवै क्षेत्रहरूमा बढ्दो लामखुट्टेको संख्या जलवायु परिवर्तनसँग जोडिएको बढ्दो चिन्ताको विषय हो । बढ्दो तापक्रम, वर्षाको ढाँचामा परिवर्तन र बढ्दो आर्द्रताले लामखुट्टेको लागि अनुकूल प्रजनन् अवस्था सिर्जना गर्दछ, जसले गर्दा उनीहरू पहिले धेरै चिसो वा सुख्खा क्षेत्रहरूमा बाँच्न र प्रजनन् गर्न सक्षम हुन्छन् । उदाहरणका लागि, काठमाडौं जस्ता शहरहरूमा डेंगु र चिकनगुनिया जस्ता लामखुट्टेबाट हुने रोगहरूमा वृद्धि भइरहेको छ, जुन पहिले उच्च उचाइमा दुर्लभ थिए । त्यस्तै, नेपालको धादिङ र कास्की जस्ता पहाडी क्षेत्रहरूमा, अब २००० मिटरभन्दा माथिको उचाइमा लामखुट्टेहरू तीव्र गतिमा विस्तार हुँदैछन्, जहाँ एक दशक अघि तिनीहरू लगभग अस्तित्वमा थिएनन् ।

त्यसैगरी अहिले हिमाली क्षेत्र जुम्ला, हुम्ला, रसुवा र सोलुखुम्बुमा लामखुट्टे बढी देखिन थालेका छन् । शहरी क्षेत्रहरूमा पानी जम्मा हुनु, खराब पानी निकासी र प्लास्टिक कन्टेनर वा निर्माण स्थलहरूमा स्थिर पानीको प्रसारले लामखुट्टेको प्रजननूलाई अझ तीव्र बनाउँछ । यो चिन्ताजनक परिवर्तनले मानव स्वास्थ्यलाई मात्र खतरामा पार्दैन तर यसले प्राकृतिक र निर्मित वातावरण दुवैमा पारिस्थितिक सन्तुलनलाई कसरी परिवर्तन गरिरहेको छ भनेर पक्कै पनि संकेत गर्दछ ।

**समाधानको लागि भविष्यको मार्गचित्र**

नेपालले जलवायु परिवर्तनको गम्भीर मुद्दाहरूलाई सम्बोधन गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चहरूमा आवाज उठाउने यो सही समय हो । यसका लागि नेपालले समर्पित कार्य योजना र रणनीतिहरू मार्फत जलवायु परिवर्तनलाई सम्बोधन गर्न स्पष्ट मार्गचित्र विकास गर्न आवश्यक छ । उदाहरणका लागि, डोल्पामा रूख रोप्ने विद्यार्थीहरूदेखि सिन्धुलीमा महिला नेतृत्वमा पुनर्वनीकरण अभियानहरू जस्तो ग्रासरुट प्रयासहरू पहिले नै भइसकेका छन् । तर स्थानीय कार्यहरूलाई विश्वव्यापी समर्थन चाहिन्छ । नेपालले राष्ट्रिय र अन्तर्राष्ट्रिय जलवायु अनुकूलन मञ्चहरूमा नीति र कार्यमा एकसाथ उभिन ठूलो स्वरमा बोल्नुपर्छ र तुरुन्तै कार्य गर्नुपर्छ । यदि नेपालका हिमनदीहरू पग्लिए भने, यो केवल नेपाली समस्या मात्र होइन, यो सम्पूर्ण विश्वलाई संकेत हो कि जलवायु परिवर्तन तीव्र गतिमा बढिरहेको छ र कुनै पनि राष्ट्र साँच्चै सुरक्षित छैन ।

नेपालले राष्ट्रिय र अन्तर्राष्ट्रिय समर्थन र सहयोग प्राप्त गरेर वर्तमान जलवायु संकटलाई सम्बोधन गर्न यी पहलहरूलाई कार्यान्वयन गर्न आवश्यक छ;

-शिक्षा, अनुसन्धान र तालिम कार्यक्रमहरूमार्फत् जलवायु परिवर्तन र विपद् व्यवस्थापनसम्बन्धी जनचेतना जगाउने

-बाढी, पहिरो र हिमनदी ताल फुट्ने प्रारम्भिक चेतावनी प्रणालीहरूमा लगानी गर्ने ।

-किसानहरूलाई जलवायु-लचिलो बीउ, सुधारिएको सिँचाइ र दिगो कृषि प्रविधिहरूद्वारा सहयोग गर्ने ।

-कीटनाशक औषधी प्रयोगलाई नियमन गरेर, मौरीपालनलाई बढावा दिएर र जङ्गली फूल रोपेर परागकणहरूको संरक्षण गर्ने ।

-पहिरोको जोखिम कम गर्न वृक्षारोपण, पर्यावरणमैत्री सडक, भवन र अन्य निर्माण पूर्वाधार निर्माण गर्ने ।

-स्थानीय समुदायहरूलाई समुदाय वन संरक्षण, मौरीपालन र अर्गानिक खेती परियोजनाहरूको नेतृत्व गर्न सशक्त बनाउने ।

-विश्वव्यापी उत्सर्जनको लागि सबैभन्दा ठूलो जिम्मेवारी वहन गर्ने विकसित देशहरूबाट जलवायु न्यायको माग गर्ने ।

निष्कर्षमा, नेपाल विश्वव्यापी जलवायु संकटको अग्रपंक्तिमा छ । सोलुखुम्बुका हिमनदीहरू पग्लनु, कास्कीका मौरीहरू मर्नु, बर्दियाको बाढी र नेपालगञ्जको गर्मीको लहर पृथक घटनाहरू होइनन् । तिनीहरू तापक्रम वृद्धिको अन्तरसम्बन्धित लक्षणहरू हुन् । नेपालले आफ्नै लचिलोपनलाई बलियो बनाउन सक्छ र बलियो बनाउनुपर्छ, तर विश्वव्यापी समुदायको नेपाल जस्ता राष्ट्रहरूलाई प्रविधि, वित्त र न्यायको साथ सहयोग गर्ने नैतिक दायित्व छ ।

नेपालमा जलवायु परिवर्तनको प्रभाव अब टाढाको खतरा होइन, तिनीहरू देशको हिमनदी, पारिस्थितिक प्रणाली, कृषि र समुदायहरूलाई असर गर्ने वर्तमान वास्तविकताहरू हुन् । नेपालको मुद्दाले जलवायु परिवर्तनको अन्यायलाई प्रकाश पार्छ, जहाँ कम जिम्मेवारहरूले सबैभन्दा बढी बोझ वहन गर्छन् । राष्ट्रिय स्तरमा अनुकूलन र न्यूनीकरण प्रयासहरू आवश्यक भए तापनि, नेपाल र ग्रहको तापक्रम वृद्धिको मारमा परेका अन्य जोखिममा रहेका देशहरूको भविष्यलाई जोगाउन विश्वव्यापी ऐक्यबद्धता र वातावरण मैत्री कार्यहरू गर्नु उत्तिकै महत्त्वपूर्ण छन् ।

(लेखक अष्ट्रेलियाका विभिन्न कलेजहरुमा अध्यापनरत छन् )

# नवीनमा न्यायिक बाह्य संवाद, मेधावी विद्यार्थी सम्मानित

बुटवल । रुपन्देही जिल्ला अदालतको आयोजनामा सोमबार बुटवल-११ स्थित नवीन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालय देवीनगरमा न्यायिक बाह्यसंवाद कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा जिल्ला अदालतका प्रमुख जिल्ला न्यायाधीश अशोककुमार बस्नेतले कानुन र न्यायसम्बन्धी विविध विषयमा विद्यार्थीहरूसँग संवाद गरेका थिए ।

कार्यक्रममा न्यायाधीश बस्नेतले राज्यका तीन अंग( व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको संरचना, कार्यक्षेत्र र आपसी सम्बन्धबारे विस्तृत जानकारी गराउनुका साथै कानुनको उत्पत्ति, आवश्यकता र मान्य सिद्धान्तहरू, अदालतका संरचना र अदालती प्रक्रिया, मेलमिलापको महत्व, वैतनिक कानुन व्यवसायीको भूमिका, बाल इजलासको अवधारणा, निरन्तर सुनुवाइ, फैसला कार्यान्वयनलगायतका विषयमा सहजीकरण गरेका थिए ।

विद्यालयका कानुन समूहका विद्यार्थीहरूलाई लक्षित गर्दै आयोजना गरिएको कार्यक्रममा कानुनसम्बन्धी व्यवहारिक जानकारीसँगै विद्यार्थीहरूको जिज्ञासाको समाधान गर्ने वातावरण बनाइएको थियो ।



कार्यक्रममा बुटवल उप-महानगरपालिका वडा नम्बर ११ का कार्यवाहक वडा अध्यक्ष नहकुल शाही ठकुरी, विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेत, सहायक प्रधानाध्यापक अर्जुन खनाल, कानुन समूहका इञ्चार्ज अधिवक्ता लोकप्रसाद खरेललगायतले आ-आफ्नो धारणा राखेका थिए । कक्षा १२ की विद्यार्थी मनिषा खड्काको सञ्चालनमा सम्पन्न कार्यक्रमको विशेष आकर्षणका रूपमा २०८१ सालको कक्षा ११ को वार्षिक परीक्षामा उत्कृष्ट जीपीए ल्याउने ३२ जना विद्यार्थीहरूलाई नगद पुरस्कार वितरण गरिएको थियो ।

विज्ञान, सिभिल इञ्जिनियरिङ, व्यवस्थापन, कानुन र शिक्षा समूहका विद्यार्थीहरूलाई प्रोत्साहनस्वरूप कुल ७४ हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको हो । उक्त पुरस्कार प्रमुख जिल्ला न्यायाधीश अशोककुमार बस्नेत, न्यायाधीश धनिश्वर पौडेल र वडा अध्यक्ष नहकुल शाही ठकुरीले संयुक्त रूपमा प्रदान गरेका थिए ।

कार्यक्रममा जिल्ला अदालतका न्यायाधीश धनिश्वर पौडेल, श्रेष्तेदार उप-सचिव यज्ञमूर्ति ज्ञवाली, तहसिलदार कृष्णप्रसाद पौडेल, प्रशासन शाखा प्रमुख पदम अर्याल, विषयगत प्रमुखहरू, समूहगत इञ्चार्जहरू, शिक्षक-शिक्षिका तथा विद्यार्थीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रमले विद्यालयस्तरमै कानुनप्रतिको चासो अभिवृद्धि गर्नुका साथै विद्यार्थीहरूमा न्यायप्रति आस्था र चेतनाको विकासमा महत्वपूर्ण योगदान पुर्‍याएको विद्यालय प्रशासनले जनाएको छ ।

# बालमैत्री स्थानीय तह निर्माण गर्न संरचनागत रूपमा तयारी गर्नुपर्नेमा जोड

देउखुरी । बालमैत्री स्थानीय तह निर्माण गर्न संरचनागत रूपमा तयारी गर्नुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन् ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद्को आयोजना तथा जिल्ला समन्वय समिति दाङको समन्वयमा आज घोराहीमा आयोजित कार्यशालामा सरोकार भएकाहरूले यस्तो जोड दिएका हुन् ।

कार्यक्रममा बालबालिकासम्बन्धी विद्यमान कानुनी व्यवस्था, बालबालिकासम्बन्धी ऐन, २०७५ र बालसंरक्षणसम्बन्धी व्यवस्था, स्थानीय तहमा बाल संरक्षण प्रणाली, दाङ जिल्लामा बालबालिकाको अवस्थाबारे बृहत्त छलफल भएको थियो ।

बालअधिकार परिषद्का प्रदेश समन्वय अधिकृत बद्रीप्रसाद वाग्लेले विद्यमान ऐन, कानुन र व्यवस्थालाई न्यायपूर्ण बनाउन स्थानीय तहहरूले संरचनागत रूपमा अझ तयारी गर्नुपर्ने अवस्था रहेको बताए । उनले स्थानीय तहले बालबालिकाका क्षेत्रमा गर्नसक्ने काम, कर्तव्य र अधिकारलाई सही रूपमा कार्यान्वयन गर्न ढिलाइ गर्न नहुनेमा जोड दिए ।

समन्वय अधिकृत वाग्लले बालमैत्री स्थानीय शासन अवलम्बन तथा घोषणा, बालमैत्री स्थानीय शासन कार्यान्वय निर्देशिका, २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९, बालश्रम निषेध र नियमित गर्ने ऐन, २०५६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सबै प्रकारका बालश्रम तथा जोखिमपूर्ण कामको न्यूनीकरण तथा अन्त्य गर्न लाग्नुपर्नेमा जोड दिए ।

यस्तै, बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना २०७५-२०८५ कार्यान्वयनका लागि आवश्यक कार्यक्रम सञ्चालन, बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ बमोजिम बाल श्रममुक्त स्थानीय तह बालश्रममुक्त वडा तथा बालश्रममुक्त क्षेत्र घोषणा गर्ने विषयमा भएका जुट्नुपर्नेमा जोड दिइएको थियो ।

राष्ट्रिय जनगणना २०७८ अनुसार बालबालिकाको जनसंख्या ३३ दशमलव ८४ प्रतिशत रहेको छ । दाङमा छ लाख ७४ हजार ९९३ जनसंख्या रहेकामा त्यसमा दुई लाख २६ हजार २४८ अर्थात् ३३ दशमलव ५१ प्रतिशत बालबालिका रहेका छन् । जसमा एक लाख १६ हजार ६१९ बालक र एक लाख नौ हजार ६२९ बालिका रहेका छन् ।

कार्यक्रममा यहाँका स्थानीय तहहरूले बालअधिकार संरक्षण तथा सम्बर्द्धन संयन्त्र गठन, परिचालन तथा व्यवस्थापनका लागि बालबालिकासम्बन्धी ऐन, २०७५ को प्रावधान कार्यान्वयन गर्दै बालमैत्री स्थानीय तह निर्माण गर्ने भन्दै नौ बुँदे साझा प्रतिबद्धता जनाइएको छ ।

# श्रमिकको न्यूनतम पारिश्रमिक मासिक ३० हजार ४४३ तोकिनुपर्छः जेटियुसिसी

काठमाडौँ । संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)ले श्रमिकको न्यूनतम पारिश्रमिक रु ३० हजार ४४३ मासिक तोक्नुपर्ने माग राखेको छ । मंगलबार आयोजित पत्रकार सम्मेलनमा केन्द्रका अध्यक्ष जगतबहादुर सिम्खडाले न्यूनतम पारिश्रमिकमा अविलम्ब पुनरावलोकन, योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको पूर्ण कार्यान्वयन तथा श्रमसम्बन्धी कानुनको संशोधनलगायत विषयमा सरकार, रोजगारदाता र सरोकार भएकाहरूको ध्यानाकर्ष गराएको छ । यी माग सम्बोधन नभए यही असार २६ गतेदेखि संयुक्त आन्दोलनमा जाने उनको भनाइ थियो । "वर्तमान बजार मूल्य र परिवारको न्यूनतम जीवनस्तरलाई ध्यानमा राख्दा चार सदस्यीय परिवारको लागि मासिक खर्च रु ३० हजारदेखि रु ३५ हजारको हाराहारीमा पर्छ", उनले भने-"वैज्ञानिक, तुलनात्मक तथा व्यवहारिक आधारमा श्रमिकको न्यूनतम पारिश्रमिक मासिक रु ३० हजार ४४३ तोकिनुपर्छ ।"

अध्यक्ष सिम्खडाले पारिश्रमिक निर्धारणका लागि त्रिपक्षीय वार्तामा श्रमिकका प्रस्तावलाई गम्भीर रूपमा ग्रहण गर्न सरकारसँग आग्रह गरे । सरकारले प्रत्येक दुई वर्षमा श्रमिकको न्यूनतम पारिश्रमिक पुनरावलोकन गर्नुपर्ने संवैधानिक दायित्व छ । पछिल्लो पटक सरकारले विसं २०८० मा रु १७ हजार ३०० मासिक पारिश्रमिक तोकेको थियो । पछिल्ला दुई वर्षमा मुद्रास्फीति, उपभोग्य वस्तुको मूल्यवृद्धि, आवास तथा स्वास्थ्य सेवाको खर्च बढेसँगै श्रमिकको जीवनस्तर प्रभावित भएको केन्द्रले जनाएको हो ।

केन्द्रले श्रमसम्बन्धी ऐन नियममा समयसापेक्ष सुधार र संशोधन गरी प्रभावकारी रूपमा कार्यान्वयनलगायत १५ बुँदे माग राखेको छ । "यदि त्रिपक्षीय बैठकमा सकारात्मक निर्णय भएन भने आगामी दिनमा चरणबद्ध सङ्घर्षका कार्यक्रम घोषणा गर्नेछौँ", अध्यक्ष सिम्खडाले भने-"काठमाडौँसँगै सातै प्रदेशमा संयुक्त प्रदर्शन र ज्ञापनपत्र पेस गर्ने कार्यक्रम छ । औद्योगिक करिडोरमा श्रमिक र्‍याली र सभा गर्नेछौँ ।"

श्रम प्रशासनमा सुधार र सुदृढीकरण गर्दै, श्रम ऐनमा व्यवस्था भएअनुसार श्रम निरीक्षण प्रणाली, श्रम 'अडिट', कार्यस्थलमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षा समिति एवं श्रमसम्बन्ध समिति गठनलगायत कामहरू प्रभावकारी रूपमा लागू गर्नुपर्ने केन्द्रको माग छ ।

यस्तै, नेपालको संविधानले मौलिक हकका रूपमा सङ्गठन गर्न पाउने, सामूहिक सौदाबाजी, उचित श्रम अभ्यास र योगदानमा आधारित सामाजिक सुरक्षा अधिकारको व्यवस्था गरेकामा सर्वोच्च अदालतले बैंक तथा वित्तीय संस्थाहरूमा श्रम ऐन लागू नहुने भनि हालै गरेको निर्णयका सन्दर्भमा सबै श्रमिकका लागि श्रम ऐन लागू हुने कानुनी व्यवस्था कार्यान्वयनका लागि आवश्यक पहल गर्नुपर्ने केन्द्रको माग छ ।

# वालिङबाट राष्ट्रिय परिचयपत्र वितरण



स्याङ्जा । स्याङ्जाको इलाका प्रशासन कार्यालय वालिङले राष्ट्रिय परिचयपत्र वितरण सुरु गर्ने भएको छ । इलाका प्रशासन कार्यालय र वडा कार्यालयमा खिचिएका राष्ट्रिय परिचयपत्र वालिङले वितरण गरेको हो । इलाका प्रशासन कार्यालय वालिङले चापाकोट, गल्याङ र वालिङ नगरपालिका पुरै, हरिनासका ३, बिरुवाका ३, भीरकोटका ३ वडाको नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र लगायत प्रशासनिक सेवा गर्दै आएको छ । इलाका प्रशास कार्यालयले सेवा प्रवाह गर्ने सबै क्षेत्रको राष्ट्रिय परिचयपत्र वितरण सुरु गर्न लागिएको लेखा प्रमुख विशाल पराजुलीले जानकारी दिए ।

लामो समयदेखि राष्ट्रिय परिचयपत्रको प्रतिक्षामा बसेका नागरिकले अब धमाधम परिचयपत्र पाउने पराजुलीले बताए । २०७८ सालदेखि २०८१ सालसम्म फोटो खिचाएका ३९ हजार नागरिकले यो सुविधा पाउने छन् । राष्ट्रिय परिचयपत्र पाउने नागरिकको मोबाइलमा म्यासेज समेत पठाइसकिएको लेखा प्रमुख पराजुलीले बताए । 'पहिलो चरण ५ सयजनालाई राष्ट्रिय परिचयपत्र लिन आउनु भनेर म्यासजेज पठाएका छौं,' पराजुलीले भने-'दैनिक मोबाइलमा म्यासेज पठाउँछौं, म्यासेजकै आधारमा राष्ट्रिय परिचयपत्र वितरण गर्छौं, मोबाइलमा म्यासेज पुगेका सेवाग्राहीले मात्रै राष्ट्रिय परिचयपत्र पाउने छन् ।'

अहिलेसम्म इलाका प्रशासन कार्यालय वालिङमा ७० हजार सेवाग्राहीले राष्ट्रिय परिचयपत्रको फोटो खिचाइ सकेका छन् । पहिलो चरण ३९ हजार सेवाग्राहीले मात्रै परिचयपत्र पाउने छन् । यो वितरण सकिएपछि अरु राष्ट्रिय परिचयपत्र पनि बिस्तारै आउने भएकाले सबैले पाउने प्रशासनले जनाएको छ । पछिल्लो समय राष्ट्रिय परिचयपत्रलाई सरकारी कामकाजका लागि अनिवार्य गर्न थालेको छ । राष्ट्रिय परिचयपत्रको लागि आवश्यक कागतजात पूरा गरेर मात्रै फोटो खिच्न आउन प्रशासनले आग्रह गरेको छ ।

नागरिकता सिफारीस गर्ने बेलामै वडा कार्यालयमा नै परामर्श गरेर मात्रै इलाका प्रशासनमा आउँदा नागरिकले दुःख नपाउने प्रशासनले जनाएको छ । सम्बन्धित वडा कार्यालयले पनि सेवाग्राहीलाई सरकारी कागजातका विषयमा सहजीकरण गरिदिन समेत अनुरोध गरेको छ । राष्ट्रिय परिचयपत्र योभन्दा अगाडि जिल्ला प्रशासन कार्यालय स्याङ्जाले वितरण गर्दै आएको थियो ।

## रसुवामा...

नेपाल सीमापार हिमालय वाणिज्य संघका अध्यक्ष रामहरि कार्कीले अर्बौंको नोक्सानी भएको अनुमान रहेको बताए ।

**हिमताल फुटेको आशंका**

जल तथा मौसम विज्ञान विभागले नेपाल र चीनको भू-भागमा भारी वर्षा नभए पनि रसुवास्थित नेपाल-चीन सीमामा रहेको ल्हेन्दे खोलामा बाढी आएको जानकारी दिएको छ । विभागले ठूलो वर्षा दुवै देशको आसपासमा नभए पनि बाढी आउनुको कारणबारे भने अध्ययन भइरहेको जनाएको छ ।

विभागका मौसमविद् सञ्जीव अधिकारीले मंगलबार बिहानसम्मको २४ घण्टाको अवधिमा नेपाल-चीन सीमाबाट नजिकमा रहेको रसुवास्थित क्यान्जिङ मौसमी केन्द्र र रसुवास्थित धुन्चे मौसमी केन्द्रमा फाटफुट मात्र वर्षा मापन भएको जानकारी दिए ।

'त्यति ठूलो बाढी नै जाने गरी दुवैतर्फ ठूलो वर्षा भएकै छैन, न्यून चापीय रेखा पनि सरदर आसपासमा नै रहेको छ,' उनले भने-'के कारणले बाढी गएको भन्ने विषयमा थप अनुसन्धान गरेर मात्रै हामी सूचना सार्वजनिक गर्ने छौँ ।'

विश्व मौसम सङ्गठनको बाढीको सम्भावना पहिचान गर्न र समयमै चेतावनी दिन विकास गरिएको एक प्राविधिक प्रणाली (फ्ल्यास फ्लड गाइडेन्स प्रणाली) को स्याटेलाइट-आधारित वर्षा अनुमानअनुसार पनि भोटेकोसी जलाधार क्षेत्रमा गत २४ घण्टामा वर्षा भएको देखिँदैन ।

विभागअन्तर्गत बाढी पूर्वानुमान महाशाखाका बाढीविद् विनोद पराजुलीले चीन या नेपालको क्षेत्रमा पर्ने कुनै पनि हिमताल एक्कासि फुटेर बाढी गएको हुन सक्ने आशङ्का गरेका छन् ।

## तिलौराकोट...

बुद्धको जन्म २५ सय वर्षअघि भएको इतिहासमा छ । तर त्यसअघि नै तिलौराकोटमा मानव सभ्यता र सहर रहेको पुष्टि भएको पुरातत्वविद्को भनाइ छ ।

यसअघि कपिलवस्तुको तिलौराकोटलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न नेपाल सरकारका तर्फबाट अन्तिम मनोनयन दस्तावेज युनेस्को वर्ल्ड हेरिटेज केन्द्रका निर्देशक महामहिम लाजारे इलोन्डोलाई औपचारिक रूपमा मनोनयन पेश भैसकेको लुम्बिनी विकास कोषका वरिष्ठ प्रशासन प्रमुख ज्ञानीन राईले बताए । 'तिलौराकोटलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न विकास कोषले केही वर्षयता निकै मेहनत गरेका थियौं, अब दर्ता गराउने अन्तिम विन्दुमा आइपुगेका छौं ।'-राईले भने ।

विश्वको सबैभन्दा ठूलो खुला संग्रहालय दाबी गरिएको तिलौराकोटलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न विकास कोषले केही वर्षदेखि काम गर्दै आएको थियो ।

विश्व सम्पदा सूचीमा सूचीकृत हुनका लागि आवश्यक संरक्षित स्मारक क्षेत्र घोषणा गर्नुपर्ने आवश्यकतानुसार नेपाल सरकार पुरातत्व विभाग, लुम्बिनी विकास कोष र कपिलवस्तु नगरपालिकाले संयुक्तरूपमा स्थानीयस्तरको छलफल गरेसँगै उक्त कामको थालनी भएको थियो ।

तिलौरोकोटको मुख्य क्षेत्र (कोरजोन) करिब १४० बिघा क्षेत्रफल छिट्टै विश्व सम्पदा सूचीमा सूचीकृत हुने लुम्बिनी विकास कोषले जनाएको छ । तिलौराकोटलाई संरक्षित स्मारक क्षेत्र घोषणा गरेपश्चात् कुदान, गोटिहवा, निग्लीहवा, अरौराकोट, सगरहवा र सिसनियालाई पनि संरक्षित स्मारक क्षेत्र घोषणा गरी प्राचीन शाक्यहरूको राजधानी कपिलवस्तुलाई विश्व सम्पदा सूचीमा राख्ने योजना पुरातत्व विभागले बनाएको छ ।

लुम्बिनी विकास कोषका वरिष्ठ प्रशासकीय अधिकृत ज्ञानिन राईले नेपाल सरकारको चालु वर्षको बजेटको नीति तथा कार्यक्रममा उल्लेख भए अनुसार लुम्बिनी विकास कोषले प्रकृया अगाडि बढाएको बताए ।

विश्वमा अहिलेसम्म एक हजार १२१ सम्पदा विश्व सम्पदा सूचीमा सूचीकृत छन् । नेपालले सन् १९७२ मा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) को विश्व सम्पदा महासन्धिमा हस्ताक्षर गरेको थियो । त्यसयता काठमाडौँ उपत्यका र लुम्बिनी गरेर जम्मा दुई स्थानमात्रै विश्व सम्पदा सूचीमा सूचीकृत छन् ।

सन् १९९७ मा तिलौराकोटलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न युनोस्कोमा पहलको सुरुआत गरिएको तर २४ वर्षपछि ठोसरूपमा कदम चालिएको लुम्बिनी विकास कोषका उपाध्यक्ष लामाले बताए ।

पाँचौँ शताब्दीमा प्रसिद्ध चिनियाँ यात्री फासियान र सातौँ शताब्दीमा हुवेन साङले तिलौराकोटको भ्रमण गरेका थिए भने सन् १८९९ मा पुरातत्वविद् पूर्णचन्द्र मुखर्जीले उत्खनन् गरेपश्चात यसको महत्व अझै बढेर गएको थियो ।

लुम्बिनी विकास कोषका पुरातत्व अधिकृत हिमाल उप्रेतीले बेलायतको दुराम विश्वविद्यालयको पुरातत्व विभागको पूर्वप्रमुख रबिन कनिङ्घमको नेतृत्वमा पुरातत्वविद्हरूको टोलीले तिलौराकोटमा सन् २०१३ देखि करिब १० वर्ष उत्खनन् गरेको बताए । उत्खननबाट तिलौराकोटमा संग्रहालय, पश्चिमी र पूर्वीद्वार, केन्द्रीय संरचना परिसर, मध्यभागको पोखरी, किल्ला, जोडी स्तूप, विहार र प्राचीन औद्योगिक क्षेत्र र प्राचीन शहरको प्रमाण भेटिएको छ ।

विश्व सम्पदा सूचीमा सूचीकृत भएपछि तिलौराकोट दरबार क्षेत्र सरकारको प्राथमिकतामा परे गुरुयोजना अनुसार विकास हुनेछ । साथै यहाँको ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक महत्व अन्तर्राष्ट्रियस्तरमा प्रमाणित हुने,अन्तर्राष्ट्रिय पर्यटकहरू भ्रमणमा आउने र स्थानीयले आर्थिक लाभ लिन सक्ने कपिलवस्तु नगरपालिकाका प्रमुख सुदिप पौडेलले बताए ।

'विश्व सम्पदामा सूचिकृत नहुँदा सरकार र लुम्बिनी विकास कोषले लुम्बिनीलाई मात्र प्राथमिकतामा राखेर वजेट दिने र त्यहाँको मात्रै विकास भएको थियो,अब तिलौराकोट पनि सरकारको प्राथमिकतामा पर्ने छ ।'- पौडेलले भने ।

विश्व सम्पदामा सूचीकृत भएपछि सम्पदा क्षेत्र आसपासमा अनियन्त्रित शहरीकरण र जथाभावी जग्गाको उपयोग नियन्त्रण भई दीर्घकालीन तथा दिगो विकास सुनिश्चित हुने पुरातत्वविद् हिमाल उप्रेतीले बताए ।


## काठ दाउरा लिलाम विक्री सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०३/२५ गते)**

यस सामुदायिक वनमा आ.व.०७५/०७६ मा उत्पादन भई, विक्री वितरण गरी बाँकी रहेको साल चिरान काठ थान-२५०६ को ८६१.१७ घ. फी. काठ र स्टि्रप १३,५०० के.जी. तथा आ.व. ०८१/०८२ मा उत्पादन भई समूहको घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल गोलिया थान-९० को ५०४.१० घ.फी. काठ हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलवन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नको लागि यो सूचना प्रकाशित गरिएकोछ । गण्डकी प्रदेश वन नियमावली, २०८१ को नियम ७२ को उपनियम (४) बमोजिम लिलाम विक्री प्रकृयाका लागी गोलिया काठको हकमा प्रचलित कानून बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत भएका र अन्य काठ दाउराको हकमा वन पैदावारमा आधारित उद्योग संञ्चालन गर्न इजाजत प्राप्त गरी संञ्चालनमा रहेका उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र डिभिजन वन कार्यालय नवलपुर र यस समूहको कार्यालयबाट प्रत्येक लटको लागि छुट्टा छुट्टै सिलवन्दी बोलपत्र खरीद गरी २२ औं दिन कार्यालय समयभित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिन्छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**सम्पर्क ठेगानाः**

**श्री मैनाघाट सामुदायिक वन उपभोक्ता समूह**

**मध्यविन्दु न. पा. वडा नं. १३, नवलपरासी (ब.सु.पू.)**

## बिमालेख हराएको सूचना ।

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमालेख मिति २०८२।०२।११८ गते मंगलापुर देखी बुटवल जाने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

**नाम** : **सचिता श्रेष्ठ**
**ठेगाना** : **तिलोत्तमा नगरपालिका वडा नं ९, मंगलापूर**
**बिमालेख नं.** : २५१११०४३४
**मोबाइल नं.** : ९८१९४६५२८७

## माउण्ट एभरेष्ट डिष्टिलरी (प्रा.) लि.

**तिलोत्तमा-१४, टिकुलीगढ, रुपन्देही**

## मूल्य सूची सम्बन्धी सूचना

यस डिष्टिलरीबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु २०८२ साल असार २५ गतेदेखि नेपालभर लागू हुने गरी मूल्य सूची प्रकाशित गरिएकोले सम्वन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

| Brand Name | UP | ML | RD | RD Comm. | Dealer | Dealer Comm. | W.S. | W.S. Comm. | Retail | Retail Comm. | Consumer Case | Consumer Unit |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Mount Class | 50 | 180 | 6165 | 135 | 6300 | 295 | 6595 | 250 | 6845 | 1315 | 8160 | 170 |
| Gold Box / Blue Spot | 50 | 180 | 6165 | 135 | 6300 | 295 | 6595 | 250 | 6845 | 1315 | 8160 | 170 |
| Fida | 50 | 180 | 6165 | 135 | 6300 | 295 | 6595 | 250 | 6845 | 1315 | 8160 | 175 |
| Boxer/White diamond | 50 | 180 | 6070 | 130 | 6200 | 295 | 6495 | 250 | 6745 | 1175 | 7920 | 165 |
| Sweet Diamond | 50 | 180 | 6070 | 130 | 6200 | 280 | 6480 | 250 | 6730 | 1190 | 7920 | 165 |
| DX / Tali | 50 | 180 | 6010 | 90 | 6100 | 260 | 6360 | 200 | 6560 | 1120 | 7680 | 160 |
| Rudra / Mala | 70 | 300 | 1300 | 252 | 1325 | 60 | 1385 | 70 | 1455 | 285 | 1740 | 58 |
| T 20 Plus/ 20-20 Plus | 70 | 300 | 1225 | 25 | 1250 | 54 | 1304 | 60 | 1364 | 256 | 1620 | 54 |
| Umaga / Hazari Gold | 70 | 300 | 1225 | 25 | 1250 | 54 | 1304 | 50 | 1354 | 266 | 1620 | 54 |
| Hazari | 70 | 300 | 1225 | 25 | 1250 | 54 | 1304 | 50 | 1354 | 266 | 1620 | 54 |
| Li Li Black Premium | 70 | 300 | 1190 | 10 | 1200 | 40 | 1240 | 40 | 1280 | 220 | 1500 | 50 |
| 20-20 Flavours (Apple/Orange/Litchi/Lemon/XXX) | 70 | 300 | 1100 | 10 | 1110 | 35 | 1145 | 20 | 1165 | 215 | 1380 | 46 |
| Julie / Mr. Red | 70 | 300 | 1065 | 10 | 1075 | 15 | 1090 | 20 | 1110 | 180 | 1290 | 43 |

१. उपर्युक्त मूल्यमा अन्तःशुल्क तथा मु. अ. कर समावेश गरिएको छ ।
२. उपर्युक्त मूल्यमा ढुवानी भाडा समेत समावेश गरिएको छ । साथै सो बिक्री मूल्यहरुमा व्यवसायिक आवश्यकता अनुसार विभिन्न व्यापारिक एवं अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८२।०३।२५

यस कम्पनीको मिति २०८२।०२।२८ मा सम्पन्न बार्षिक सभा / बिशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी क्रिमसन फार्मेसी (Crimson Pharmacy) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नाम क्रिमसन सर्जिकेम प्रा.लि. (Crimson Surgichem Pvt.Ltd) ले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।०३।०९ को निर्णय अनुसार कम्पनीको नाम क्रिमसन सर्जिकेम प्रा.लि. ( Crimson Surgichem Pvt.Ltd) कायम गरिएको ब्यहोरा जानकारी गराइन्छ ।

**क्रिमसन सर्जिकेम प्रा. लि.**
तिलोत्तमा ५, मणिग्राम रुपन्देही फोन नं. ०७१-५६२७४

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी



**भग्नावशेषमा परिणत हुँदै भृकुटी कागज कारखानाः**
नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटमा रहेको भृकुटी कागज कारखाना विगत १४ वर्षदेखि पूर्णरूपमा बन्द हुँदा कारखानाका भवनहरु भत्किएर भग्नावशेषमा परिणत हुँदै गइरहेका छन्। नगरको बिचमा रहेको यस कारखानाको व्यवस्थापनमा सरकारले चासो नदिँदा उद्योगका मेसिनरी उपकरण तथा करोडौंका संरचना खेर गइरहेको छ। तस्विरः टेकराज पोखरेल

# भानु जयन्तीमा माविस्तरीय रामायण वाचन हुँदै



बुटवल । २१२औँ भानु जयन्तीको अवसरमा ज्ञानज्योति पुस्तकालय बुटवलले माविस्तरीय रामायण वाचन प्रतियोगिता गर्ने भएको छ। रुपन्देहीका विद्यालयहरुबिच आपसी सम्बन्ध प्रगाढ बनाउने र विद्यार्थीहरुमा अन्तरनिहीत प्रतिभा प्रष्फुटन गराउने उद्देश्यले असार २८ गते रामायण वाचन प्रतियोगिता गर्न लागेको पुस्तकालयका अध्यक्ष टुकबहादुर क्षेत्रीले जानकारी दिए।

प्रतियोगिता बुटवल योगीकुटीस्थित मणिमुकुन्द कलेजमा २८ गते बिहान ८ बजे सुरु हुने अध्यक्ष क्षेत्रीले बताए । प्रतियोगितामा एउटा विद्यालयबाट एक जना छात्र र एक जना छात्रा सहभागी हुन सक्ने प्रतियोगिता संयोजक माधव गौतमले जानकारी दिए।

ज्ञानज्योति पुस्तकालय २०४३ बैशाखमा सार्वजनिक पुस्तकालयको रूपमा स्थापना भएको हो । यसका संस्थापकमा पूर्व मन्त्री राधा ज्ञवाली, शान्तराम गिरी, बाबुराम आचार्य, कुशलप्रताप सेन, भेषराज पौडेल, टीकाराम घिमिरे, खिमलाल गिरी, सुरेश गौतम, गोपालमणि गौतम, तेजप्रसाद कंडेल, बाबुराम आचार्यलगायत हुन्।

वि.सं.२०५० सालमा टुकबहादुर क्षेत्रीको अध्यक्षतामा गठित नयाँ कार्यसमितिले पुस्तकालयको विकासमा निकै ठूलो मेहनत गरेको जानकारहरु बताउँछन् । क्षेत्रीकै लामो प्रयासपछि सुकुम्बासी आयोगबाट बुटवल ८ (साविकको बुटवल-१०), मिलनपथमा करिब ५ धुर जग्गा पुस्तकालयलाई प्राप्त भएको थियो । सोही स्थानमा पुस्तकालय भवन बनेर व्यवस्थितरुपमा सञ्चालनमा छ।

पुस्तकालयको पहलमा सहरिया बालबालिकाहरूलाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिँदै आइएको छ । साथै सरसफाइ कार्यक्रम, छात्रछात्राहरूमा अन्तर्निहित प्रतिभा प्रस्फुटनको लागि हाजिरी जवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, खेलकुद प्रतियोगिता, चित्रकला प्रतियोगिता, कविता वाचन प्रतियोगिता, रामायण वाचन प्रतियोगिता र प्रौढ शिक्षा आदि पनि सञ्चालन गरिँदै आइएको छ।

पुस्तकालय भवनमा ज्ञानविज्ञान, कला, साहित्य तथा समालोचना, ग्रन्थ, पर्यटन, सञ्चार, समाजशास्त्र आदि विधाका करिब तीन हजार जति पुस्तकहरू रहेका छन्। बुटवलबाट प्रकाशित हुने सबै दैनिक पत्रिकाहरू पुस्तकालयमा नियमित रूपमा जाने गर्दछन्।

पुस्तकालयलाई प्रभावकारी बनाउन र पाठकहरूको संख्यामा वृद्धि गराउन पुस्तकालयलाई २०७४ देखि ई लाइब्रेरीकोरूपमा विकास गरिएको छ। विभिन्न शिक्षण संस्थाहरूबाट प्राप्त भएका १० थान कम्प्युटरबाट ई लाइब्रेरी सञ्चालन गरी सेवा प्रदान गरिएको छ।

# आर्थिक अनियमिततामा हरिनास पहिलो



**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

आर्थिक कार्यविधि विपरीत अनियमित रुपले खर्च गर्ने पालिकाहरुमा हरिनास गाउँपालिका पहिलो देखिएको छ। स्याङ्जाका ११ वटै पालिकाहरुमध्ये सबैभन्दा बढी आर्थिक कार्यविधिविपरीत अनियमित खर्च गर्नेमा हरिनास गाउँपालिका पहिलो देखिएको हो। २०७४/०७५ देखि २०८०/०८१ सम्मको लेखापरीक्षणको तथ्याङ्क हेर्दा स्याङ्जामा सबैभन्दा बढी बेरुजु हरिनास गाउँपालिकाको देखिएको छ । महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको लेखापरीक्षक तथ्याङ्क केलाएर हेर्दा जिल्ला ११ पालिकामध्ये सबैभन्दा बढी अनियमित खर्च गर्ने पालिकाको रुपमा हरिनास रहेको देखाएको छ।

पालिकाले सबैभन्दा बढी कागतजात प्रमाण र अनियमित खर्च धेरै रहेको महालेखाले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ। आर्थिक बर्ष २०८०/०८१ मा हरिनास गाउँपालिकाको १ अर्व ३ करोड ८५ लाख ९८ हजारको महालेखाले लेखापरीक्षण गरेको थियो । ४ करोड ८१ लाख ११ हजार ६ सय १४ रुपैयाँ बेरुजु देखाएको छ। आर्थिक वर्ष २०७४/०७५ देखि २०८०/०८१ सम्म आइपुग्दा हरिनास गाउँपालिकाको बेरुजु १४ करोड ५ लाख २६ हजार पुगेको छ। गाउँपालिकाले सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/०८३ को बजेटको अनुपातमा झण्डै ३३ प्रतिशत बेरुजु देखिन्छ। यो आर्थिक सुचाङ्कमा अत्यन्तै दुखलाग्दो तथ्याङ्क रहेको विज्ञहरु बताउँछन्।

महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/०८१ प्रतिवेदनमा प्रमाण पेश नगरी आर्थिक अनियमित गरेको खुलाएको छ।

सुरक्षित नागरिक आवास कार्यक्रम, अधुरा आयोजना, सवारी भाडा, भवन आचार संहिताविपरीत नेपाल विकास तथा कन्सलटेन्ट प्रा.लि. नागार्जुनलाई भुक्तानी, व्यामशालालगायत दर्जनौ कार्यक्रममा ९५ लाख ५४ हजार ४ सय ९४ रुपैयाँ भुक्तानी गरेको उल्लेख गरेको छ। विभिन्न आयोजना र आर्थिक कार्यविधिविपरीत ३ करोड २० लाख ८३ हजार २ सय २३ रुपैयाँ अनियमित गरेको भनेर टिप्पणी उठाएको छ। पालिकाको आन्तरिक आय अत्यन्तै न्यून रहेको र अनुदानको रकममा आर्थिक कार्यविधिविपरीत खर्च नगर्नु भन्ने सुझाव समेत दिएको छ।

पालिकाको आन्तरिक आय २७ लाख ६८ हजार ७३ रहेको र गाउँसभा बैठकको निर्णयबाट १ करोड २८ लाख ५० हजार रुपैयाँको हाइलक्स टोयटा गाडी खरीद गरेको समेत टिप्पणी उठाएको छ। कार्यलयको आवश्यकता र आन्तरिक आम्दानी विश्लेषण नै नगरेर सवारी साधन खरिद गर्दा पूर्वाधारको विकासमा असर परेको उल्लेख गरेको छ। खर्चको विश्लेषण समेत गरिदएको छ। पालिकाको आर्थिक वर्ष २०८०/०८१ खर्च बिश्लेषण गर्दा अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७८ प्रतिशत चालु र ३९ प्रतिशत पुँजीगत निर्माणमा खर्च गरेको देखाएको छ। जनतासँग अध्यक्ष भन्ने कार्यक्रममा अवण्डा बजेट राखेर अनियमित खर्च गरेको समेत महालेखाले उठाएको छ।

पोषणका लागि शशर्त अनुदानबाट कार्यक्रम नै नगरी मोटरसाइकल खरीद गरेको र जुन मोटरसाइकल पनि पालिकामा दाखिला नगरिएको महालेखाले उठाएको छ। ८ लाख ८ हजार ५ सय अनियमित खर्च गरेको ठहर गरेको छ। आवश्यकता नहेरी औषधी खरीद गरिएको साथै २०४ ओटा न्यानो झोलाको अभिलेख नराखिएको समेत महालेखाले उल्लेख गरेको छ। पुँजीगत खर्चबाट चालुका प्रकृतिमा खर्च गरेको समेत उल्लेख गरेको छ। आमा समुह, भलिबल प्रतियोगिता, युवाक्लबलगायतका समूहलाई पुँजीगत खर्चबाट भुक्तानी गर्दा पुँजीगत खर्चमा निर्माण भएका पूर्वाधारका योजनाहरु कटौती भएको उल्लेख गरेको छ।

पालिका प्रमुखबाट अनियमित खर्च गराउन बढी प्रेसर दिँदा पालिकाको बेरुजु बढ्न गएको नाम उल्लेख नगर्ने सर्तमा पुर्व प्रमुख प्रशासकीय अधिकृतहरु बताउँछन् । यसको उदाहरण असार २३ गते पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बिच भुक्तानीका विषयमा भएको विवादले पनि प्रष्ट पारेको देखिन्छ।

बिना योजनाको भुक्तानी माग गर्दा पालिका प्रमुख खिमनारायण मानन्धरले प्रमुख प्रशासकीय अधिकृतमाथी हातपात गरेको खबर बाहिरिएको थियो। जसले गर्दा पालिकाको भुक्तानीसहित सबै काम ठप्प भएको थियो । पछि जिल्ला समन्वय उपप्रमुखको रोहवरमा दुवै पक्षले कानुन अनुसार काम गर्ने सहमतिपछि पालिकाको काम कारबाही अगाडि बढेको बताइएको छ।

# पूर्वमन्त्री रेग्मीको निधन



तानसेन । पूर्वमन्त्री तथा सांसद अच्युतराज रेग्मीको निधन भएको छ। नेपालको पहिलो संसद्मा पाल्पाबाट निर्वाचित भएका पुराना राजनीतिज्ञ रेग्मीको अस्ट्रेलियामा ९६ वर्षको उमेरमा निधन भएको हो।

पाल्पाको तानसेन नगरपालिका-२ मेहलधारामा जन्मिएका रेग्मी एक वरिष्ठ राजनीतिज्ञ र आध्यात्मिक व्यक्तित्व समेत थिए । उनी पछिल्लो समय अस्वस्थ थिए । काठमाडौँ मध्यबानेश्वरमा बस्दै आए पनि केही समय अघि अष्ट्रेलिया गएका रेग्मीको उतै निधन भएको पारिवारिक श्रोतले जनाएको छ।

विसं २०१५ मा भएको संसदीय निर्वाचनमा तत्कालको पाल्पा क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसबाट उम्मेदवार बनेका उनी अत्याधिक मतका साथ विजयी भएको थिए। रेग्मी २०३४ सालमा पञ्चायती व्यवस्थाको समर्थक भएर मन्त्री समेत भएका थिए।

पाल्पाका शिक्षाविद् डा. रामप्रसाद ज्ञवालीका अनुसार रेग्मीको निधनले देशले एक असल राजनीतिज्ञ गुमाएको छ । उनले भने-"रेग्मी मेरो फुपुको छोरा हुनुहुन्छ, आमाको निधनपछि मेरै घरमा बसेर २०१५ मा संसदीय चुनाव लड्नुभयो र विजयी पनि हुनुभयो। पछि उहाँ पञ्चायतमा गएर २०३३/०३४ मा मन्त्री पनि बन्नुभयो।"

रेग्मी कांग्रेसको सह-महामन्त्री समेत बनेका थिए। मन्त्री बनेपछि उनी विस्तार राजनीतिबाट निष्क्रिय हुँदै आध्यात्मिकतर्फ लागेको डा. ज्ञवाली बताउँछन् । उनको श्रीमती, तीन छोरी र एक छोरा छन्।

कांग्रेस पाल्पाले कांग्रेसका पूर्वसह-महामन्त्रीसमेत रहेका रेग्मीको निधनप्रति दुःख व्यक्त गरेको छ। कांग्रेस जिल्ला सभापति हिमालदत्त श्रेष्ठले मङ्गलबार शोक विज्ञप्तिमार्फत् उनको निधनप्रति दुःख व्यक्त गर्दै मृतकको आत्माको चिरशान्तिको कामना र शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेका छन् ।

स्व. रेग्मीले कांग्रेसको सङ्गठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा निर्वाह गरेको योगदान पार्टीमा सदा स्मरणीय रहिरहने पार्टीले जनाएको छ। "नेपालको प्रजातान्त्रिक आन्दोलनका जीवित साक्षीको अवसान अवश्य पनि अपूरणीय क्षति हो । दुःखको यस घडीमा स्व रेग्मीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ।"- शोक विज्ञप्तिमा भनिएको छ।

# होम स्टेलाई प्रोत्साहन गर्दै स्थानीय सरकार

पाल्पा। यहाँको स्थानीय सरकारले घरबास (होम स्टे)लाई प्रोत्साहन गर्दै आएको छ । होमस्टेमार्फत नागरिकलाई आर्थिक रूपमा सक्षम बनाई समृद्धि हासिल गर्ने योजनासहित यहाँको तिनाउ गाउँपालिकाले होम स्टेलाई प्रोत्साहन गर्दै आएको हो।

होम स्टे तालिम लिन चाहनेलाई तालिम दिने, सीप लिइसकेकालाई होमस्टे सञ्चालनका लागि आवश्यक बीउ तथा पुँजी उपलब्ध गराउँदै आइएको पालिका कार्यालयले जनाएको छ । महिला होमस्टेतर्फ रुचि राख्न थालेपछि गाउँपालिकाले ज्ञान, सीप प्रदान गर्न तालिम दिँदै आएको हो।

महिलालाई थप उत्साह, ज्ञान सीप प्रदान गर्न पाल्पा विकास केन्द्र, सामाजिक विकास डिभिजन कार्यालयको आर्थिक सहयोगमा तालिम दिइएको पालिकाका अध्यक्ष प्रेम श्रेष्ठले उल्लेख गरे । उनका अनुसार यहाँका छ वटै वडामा होम स्टेमार्फत् आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने, गाउँगाउँमा आर्यआर्जन बढाउने, महिलाको उद्यमशीलता बढाउने र महिलालाई आर्थिक रूपमा सक्षम बनाउने उद्देश्यले तालिम दिइएको हो।

गाउँपालिकालाई पर्यटन तथा कृषिका माध्यमबाट समृद्ध बनाउने, महिलाको आयआर्जन बढाउने काममा समुदायस्तरमा जस्तोसुकै सहयोग गर्न पालिका तयार रहेको उनको भनाइ छ । तालिम लिइसकेकालाई पालिकाले बीउ तथा पुँजी वितरण गरेको छ। "पालिकाले होम स्टे सञ्चालन गर्दा चाहिने कृषि उत्पादन गाउँमा उत्पादन गर्ने अभियानका साथ बाख्रा, बङ्गुर, कुखुरा, तरकारी, मौरी तालिम लिएका मरामकोट र जन्तीलुङ्गवासीलाई बीउ तथा पुँजी वितरण गरेको हो।"-उनले भने।

लोकल कुखुरापालन तालिममा सहभागी ३० जनालाई नौ वटाका दरले लोकल कुखुरा, बङ्गुरपालनमा सहभागी २८ जनालाई एक/एक वटा बङ्गुरको बच्चा, बाख्रापालनमा सहभागीलाई एक/एक वटा बाख्रा, तरकारी खेतीमा सहभागीलाई दुई/दुई वटा टनेल, सिँचाइका लागि दुई/दुई वटा प्लाष्टिक ड्रम, पाइप स्प्रिङकल, मौरीपालनमा सहभागीलाई एक/एक वटा आधुनिक मौरी घारलगायत समान गाउँपालिकाले वितरण गरेको अध्यक्ष श्रेष्ठले जानकारी दिए।

पाहुना राख्नका लागि जन्तीलुङ्गमा सात, मरामकोटमा दुई वटा पाहुनाघर निर्माण भएका छन् । गाउँपालिकाले होमस्टेमा चाहिने महका लागि मौरी, मासुका लागि कुखुरा बाख्रा, बङ्गुर, तरकारीका लागि मौसमी बेमौसमी तरकारीखेती प्रवर्द्धनका साथै स्थानीयलाई तालिम प्रदान गरेको छ।

अध्यक्ष श्रेष्ठका अनुसार हाल मरामकोटमा पाँच घर र जन्तीलुङ्गमा १२ घरमा होम स्टे सञ्चालन भइरहेका छन् । गाउँमै बसेर पर्यटन व्यवसायका माध्यमबाट आयस्रोत बढाउन होम स्टे व्यवसायलाई प्रवर्द्धन गर्दै बीउ तथा पुँजीसहितको तालिम सञ्चालन गरिएको उनले बताए।

पालिकाका उपाध्यक्ष लालबहादुर थापाले मरामकोट र जन्तीलुङ्ग प्रशस्त सम्भावना बोकेको स्थान भएकाले महिनामा प्रतिपरिवारबाट लाखौँ रुपैयाँ कमाउन सकिने स्थिति देखेर पालिकाबीच साझेदारी गरी लुम्बिनी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए।

प्रमुख प्रशासकीय अधिकृत दिनेश सारुले जन्तीलुङ्ग मरामकोट प्राकृतिक रूपमा सुन्दर ठाउँ रहेकाले हिमालदेखि तराईसम्मका दृश्य एकैस्थान हेर्न सकिने बताउँदै प्राकृतिक सुन्दरतामा रमाउन पर्यटकको आकर्षण बढ्दै गएको उल्लेख गरे। उनले पर्यटनका माध्यमबाट स्थानीयस्तरमारोजगारीरआम्दानीबढाउनपालिकाको सहयोग निरन्तर रहने प्रतिबद्धता जनाए।

यहाँको वडा नं.६ मस्याम, वडा नं ५ मरामकोट, वडा नं. ४ को सत्यवतीमा होमस्टेको सुरुआत भएको छ भने वडा नं. १ कचल, वडा नं. २ दोभान, वडा नं. ३ झुम्साका विभिन्न भागमा होम स्टे सञ्चालनको तयारीमा महिला जुटेका अध्यक्ष श्रेष्ठले उल्लेख गरे।

यहाँ अहिले केही स्थानीयले होमस्टे कार्यक्रम सञ्चालन गरी पाहुनालाई राख्दै आएका छन् । जन्तीलुङ्ग सामुदायिक होम स्टेमा प्रतिव्यक्ति एक हजार २०० रुपैयाँमा स्वागत, साँझको खाजा, खाना, लोकल कुखुराको मासु र बिहानको खाजाको 'प्याकेज' रहेको छ । प्राकृतिक रूपमा सुन्दर रहेको जन्तीलुङ्ग र मरामकोटबाट हिमालदेखि तराईसम्मका दृश्यावलोकन गर्न सकिन्छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com